स्वच्छ निर्वाचन-लोकतन्त्रको आधार !

सविधानको रक्षा, सुशासन र समृद्धिका लागि लोकतान्त्रिक-वाम गठबन्धनको सरकार ! !

# लोकतान्त्रिक-बाम गठबन्धन
# चितवन प्रतिनिधि/प्रदेश सभा
# निर्वाचन क्षेत्र नं. ३ को

# प्रतिवद्धता पत्र-२०७९

प्रतिवद्धता पत्र मस्यौदा समिति
लोकतान्त्रिक-वाम गठबन्धनको सचिवालय
क्षेत्र नं. ३, चितवन

प्रतिनिधिसभा तथा प्रदेशसभा निर्वाचन, २०७९

**लोकतान्त्रिक-वाम गठबन्धन, चितवन प्रतिनिधि/प्रदेश सभा निर्वाचन, क्षेत्र नं. ३**

# प्रतिबद्धता-पत्र

स्वच्छ निर्वाचन-लोकतन्त्रको आधार !

सविधानको रक्षा, सुशासन र समृद्धिका लागि लोकतान्त्रिक-वाम गठबन्धनको सरकार !!

**आदरणीय आमाबुवा, दिदीबहिनी तथा दाजुभाइहरु !**

नेपाली नागरिकहरुको सहभागितामा सम्पन्न बिभिन्न संघर्षहरुको प्रतिफल स्वरुप नेपालमा धर्मनिरपेक्षता, समानुपातिक समाबेशिता, मौलिकअधिकार सहितको संघीय लोकतान्त्रिक गणतन्त्र स्थापना भएको छ । यो युगान्तकारी परिवर्तन मुलतः लोकतान्त्रिक-वामशक्तिहरुको नेतृत्व र सहकार्यमा सम्भव भएको इतिहास साक्षी छ । समाजवादको मर्मलाई आत्मसात गर्ने नेपालको संविधान २०७२ प्राप्त गरेसँगै पहिलो संघिय र प्रादेशिक निर्वाचनमा अपेक्षित जनमत प्राप्त गरेपनि तत्कालिन ओलि सरकारले दुई दुई पटक विनाकारण संसद विगठन गरेर प्रतिगमनको धृष्टता गर्दै हाम्रो राजनीतिक स्थिरता, आर्थिक समृद्धि र समाजवादोन्मुख यात्राको अपेक्षामा ठूलो धोकाधडि भयो । राजनीतिक परिवर्तनलाई संस्थागत गरी जनताका आधारभूत आवश्यकता र विकासको सवालमा केन्द्रित गर्नु पर्ने हाम्रो सामर्थ्य र शक्ति प्रतिगमन विरुद्धको आन्दोलनमा लगाउन पर्ने परिस्थिति बन्यो । लोकतान्त्रिक-वामशक्तिहरुको साझामोर्चा निर्माण गरेर जनआन्दोलनको बलमा प्रतिगमनकारी शक्तिलाई सत्ताच्यूत गरेर मुलुक अहिले संघिय र प्रादेशिक सरकार निर्माणका लागि प्रतिनिधिसभा र प्रदेशसभा सदस्यको निर्वाचन प्रक्रियामा होमिएको छ । यी संघर्षहरूमा आफ्नो जीवन उत्सर्ग गर्नुहुने वीर सहिदहरू प्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौं, बेपत्ता योद्धाहरूप्रति सम्मान प्रकट गर्दछौं र घाइते योद्धाहरूलाई अभिनन्दन गर्दछौं । राजनीतिक मतभेदका विचमा पनि प्रतिगमनलाई परास्त गर्न लोकतान्त्रिक-वाम गठबन्धन बनाउनु पर्ने अवस्था र आवश्यकतालाई आत्मबोध गर्न हार्दिक अपिल गर्दै राजनीतिक परिवर्तनलाई संस्थागत गरि लोकतन्त्र, राष्ट्रियता, शान्ति- सुरक्षा, मानवअधिकार, प्रेस स्वतन्त्रता, पारदर्शिता, सुशासन र समताका पक्षमा आफ्नो अमूल्य मतदान गर्नुहुन सम्पूर्ण जनसमुदायमा हार्दिक अनुरोध गर्दछौं ।

प्रिय मतदाता ज्यूहरु ! आगामी मङ्सिर ४ गते हुने प्रतिनिधिसभा/प्रदेशसभा निर्वाचनमा चितवन क्षेत्र नं. ३ को समुद्धि र बिकासका लागि 'लोकतान्त्रिक-वाम गठबन्धन' को तर्फबाट प्रतिनिधिसभा सदस्यमा डा. भोजराज अधिकारी, ३ (क) तर्फ प्रदेशसभा

सदस्यमा प्रा.डा. सुर्यकान्त घिमिरे तथा ३ (ख) तर्फ प्रदेशसभा सदस्यमा ठाकुर प्रसाद ढकाललाई उम्मेद्वारको रुपमा तपाइँहरुको माझमा पेश गरेका छौं । समून्नत नेपालको स्पष्ट दृष्टिकोण र ठोस मार्ग चित्र सहित तपाईहरूको स्नेह, आशीर्वाद र अमूल्य मतको अपेक्षा लिएर घरदैलोमा आएका छौ ।

लोकतन्त्रको रक्षा र विकास, राष्ट्रियताको सम्वर्द्धन, समाजवादोन्मुख अर्थतन्त्रको विकास, राष्ट्रिय हित, सामाजिक आर्थिक रुपान्तरण, जनताको समुन्नति, सबै प्रकारका विभेदहरुको अन्त्य गर्दै खुशीपूर्ण र सुखी समाजको निर्माण गर्ने संविधान प्रदत्त कानुनी शासनका माध्यमबाट विकास निर्माणका योजनाहरुको निर्माण र कार्यान्वयन गर्दै जनताको हितमा काम गर्ने हाम्रो प्रतिवद्धता छ। खासगरि सबै नेपालीको पहिचान, पहुँच, प्रतिनिधित्व, प्रगति र प्रतिष्ठामा नै नेपालको राष्ट्रिय स्वाभिमान उच्च हुन्छ भन्ने मान्यताका साथ आम नेपालीको जीवनमा गुणात्मक परिवर्तन ल्याउने अठोट सहितको **समुन्नत नेपाल सम्मानित नेपाली**को राष्ट्रिय आकांक्षा पुरा गर्ने हाम्रो अभियानमा शक्तिपृथकीकरणको सिद्धान्तलाई ब्यवाहारिक रुपमा कार्यान्वयन गर्ने साथै संघिय, प्रादेशिक र स्थानीयतहमा लोकतान्त्रिक-वाम सरकारको निर्माण गरेर तीनै तहका सरकारहरुको समन्वयात्मक सहकार्य गर्ने गठबन्धनको राष्ट्रिय अभियानमा ऐक्यवद्धताका लागि हार्दिक अपिल गर्दछौं । लोकतन्त्रका आधारभूत स्तम्भ आवधिक निर्वाचनमा जति धेरै नागरिकले भाग लिन्छन्, लोकतन्त्र उति नै सुदृढ, गतिशील र जनमुखी हुन्छ । यो आधारभुत सत्यलाइ आत्मसाथ गर्दै संघिय र प्रादेशिक तहका निर्वाचनमा उत्साह पूर्वक सहभागी हुन हार्दिक अपिल गर्दछौं । साथै, अग्रगमनको पक्षमा दृढतापुर्वक उभिएर गठबन्धनका साझा उम्मेद्वारहरुलाइ अमुल्य मतदान गरी अत्याधिक बहुमतले बिजयी गराउन बिनम्रतपुर्वक अपिल गर्दै हाम्रा दृष्टिकोण र प्रतिवद्धताहरु निम्न बमोजिम रहेको जानकारी गराउँछौं ।

**गठबन्धनको उम्मेद्वारहरुको साझा दृष्टिकोणहरुः**

१. नेपालको मौलिक लोकतान्त्रिक आन्दोलनका उपलब्धिको रक्षा र कार्यान्वयन गर्ने ।
२. स्वच्छ निर्वाचन मार्फत लोकतान्त्रिक-वाम गठबन्धनको स्थीर सरकार निर्माण गरी राष्ट्रिय समृद्धिको आधार निर्माण गर्ने ।
३. बृहत शान्ति प्रक्रिया प्रति प्रतिबद्ध रहँदै स्थायित्व र सामाजिक सद्भावको वातावरणमा आर्थिक विकास र समृद्धि हासिल गर्ने ।
४. प्रतिस्पर्धात्मक बहुदलीय राजनीतिक प्रणाली र लोकतान्त्रिक मूल्य मान्यतामा आधारित संविधान निदिष्ट समाजवादको अभ्यास गर्न राष्ट्रको ऐतिहासिक आवश्यकता अनुसार देशभक्त, प्रगतिशील शक्तिहरुसँग तालमेल गर्ने ।

**चितवनका विशिष्ट सम्भावना तथा अवसरहरू :**

चितवनवासी आदरणीय महानुभावहरु ! समृद्धिका लागि चितवनमा अनेकौं विशिष्ट सम्भावना तथा प्रचुर अवसरहरू रहेको स्मरण गराउन चाहन्छौं । **पहिलो**, चितवनलाई पूर्व-पश्चिम रेल यातायातको केन्द्रको रुपमा बिकास गर्न सकिने । **दोस्रो**, देशको मध्यभागमा रहेकोले चीन र भारतका बीच व्यापारिक कोरिडोरको रूपमा विकास गरी आर्थिक व्यापारिक केन्द्र निर्माण गर्न सकिने । **तेस्रो**, नारायणी र राप्ती  नदीमा जल यातायातको सम्भावना । **चौंथो**, निजगढ-भैरहवा- पोखरा अन्तर्राष्ट्रिय विमानस्थलहरूसँग द्रुत रेल मार्ग, मेट्रो सेवा मार्फत जोड्न सकिने । **पाँचौं**, चितवन राष्ट्रिय निकुञ्ज र यससँग जोडिएको वन क्षेत्रलाई समेत समेटेर विश्वकै आकर्षक प्राकृतिक चिडियाखानाको विकास गर्न सकिने । **छैटौं**, आधुनिक कृषि प्रणाली, तरकारी तथा फलफूल खेती, दुग्ध उत्पादन, कुखुरा तथा पंक्षिजन्य उत्पादन, मत्स्यपालन, माहुरी पालन, चिउरी खेती, जस्ता उत्पादनका क्षेत्रको विकासको सम्भावना । **सातौं**, औद्योगिक, धार्मिक, मेडिकल युनिभर्सिटी र पर्यटनसमेतका क्षेत्रमा चितवनलाई प्रमुख गन्तव्य बनाउन सकिने छ । यस्ता सम्भावनालाई यथार्थमा रुपान्तरित गर्न संघ, प्रदेश र जिल्लाका स्थानीय सरकारसँग समन्वय गरी सामर्थ्यको विकास गरिनेछ ।

**हाम्रा प्रतिवद्धताहरुः**

संबिधानको रक्षा, सुशासन, चितवनको समृद्धि र बिकासका लागि हाम्रा प्रतिवद्धताहरु निम्न लिखित रुपमा प्रस्तुत गरेका छौं ।

१. **सुशासन र सेवा प्रवाह**

- सुशासन, पारदर्शिता र जवाफदेहितालाई सदृढ गर्न आवश्यक ऐन कानुन निर्माणको पहल गरिनेछ ।
- नागरिकलाई सुलभ ढङ्गले सेवा प्रदान गर्न प्रशासन सेवालाई जनमुखी र दक्ष बनाउन
- नीतिगत सुधार गरिने छ । छिटो, छरितो न्याय प्रणालीको विकास गरी असहायलाई
- निःशुल्क न्याय प्रदान गर्न नीतिगत परिमार्जन गरिनेछ ।
- भ्रष्टाचारविरुद्ध शुन्य सहनशीलता अपनाउन बिशेष कानुन बनाइने छ । भ्रष्टचारीलाई सामाजिक जिम्मेवारीबाट वञ्चित गराउन कानुनको अक्षरशः कार्यान्वयन गराइनेछ ।
- जनतासँग नियमित गुनासो सुन्ने सूचना मैत्री सम्यन्त्र तथा भेटघाट समयसूचि बनाइने छ ।
- संसदीय क्षेत्र बिकास कोषलाई जनप्रतिनिधि एवं नागरिकहरु सम्मिलित अनुगमन संयन्त्र बनाइ कार्यान्वयन गराइनेछ ।

- सबै टोल विकास सँस्थाहरुलाई जनसङ्ख्याका आधारमा क्षमता अभिवृद्धि र सामाजिक गतिविधि सञ्चालनका लागि अनुदान रकमको व्यवस्था गरिने छ ।
- नागरिकबाट प्राप्त गुनासा अभिलेखिकरण, कारवाही र व्यवस्थापन गरी त्रैमासिक प्रतिवेदन प्रकाशन गरिनेछ ।

## २. सडक सञ्जाल र भौतिक पुर्वाधार

- माओवादी केन्द्रका अध्यक्ष तथा सम्माननीय पूर्व प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डबाट वन तथ वन्यजन्तु संरक्षण ऐन, २०२९ संशोधनको लागि गरिएको पहललाई मूर्तरुप दिइ ठोरी-केरुङ्ग राजमार्ग बिस्तारको राष्ट्रिय गौरवको योजना सम्पन्न गरिनेछ ।
- घोसरघाट नारायणी नदिमा पुल निर्माण गरिने छ ।
- नारायणी र राप्ती नदी कटान क्षेत्रमा तटबन्धन गरी Sea Beach Model का रुपमा पर्यटन विकास गरिनेछ ।
- हालसम्म विद्युत बिहीन बस्तीहरु हनुमानझुला, प्याउली लगायत सबै ठाँउमा प्रशारण लाइन उपलब्ध गराइने छ ।
- मेघौली विमानस्थललाई स्तरोन्नती गरी सञ्चालनमा ल्याइनेछ ।
- भरतपुर हवाई सेवालाई लुम्बिनी,पोखरा र जनकपुरसँग जोडिने छ ।
- क्षेत्र भित्र रहेका केन्द्रीय बसपार्क, गोविन्दवस्ती बसपार्क, ध्रुब बसपार्क, मेघौली बसपार्क आदिलाई स्तर उन्नति गरी विकास गरिनेछ ।
- देवघाटधाम, शिवघाट, गोलाघाट, कसरा, पटिहानी, टिकौली, ठिमुरा जोड्ने बाह्य चक्रपथ निर्माण कार्य सम्पन्न गर्न आवश्यक पहल गरिनेछ ।
- राष्ट्रिय निकुञ्जका जङ्गली जनावरहरुका कारण यस क्षेत्रका जनताले सास्ती झेल्नु परिरहेको अवस्थालाई अन्त्य गर्न निकुञ्जसँग जोडिएका बस्ती क्षेत्रमा पी.सी.सी. वालसहितको मेस जाली जडान गरिने छ ।
- राप्ती नदी, नारायणी नदी र रेवा नदीका कटान क्षेत्रमा तटबन्ध, तटवन्धन सहितको सडकसञ्जाल निर्माण र पर्यटकीय क्षेत्रको विकास गरि “एकमा तीन विकास” को नीति लिईने छ ।
- भरतपुर महानगर र माडी नगरपालिका अन्तर्गतका पुराना सबै बाटोलाई स्तर उन्नति गरी कालो पत्रे गरिने छ ।

- बजारीकरणलाई मध्यनजर गर्दै क्षेत्रभित्र कम्तिमा दुई ठाउँमा स्यानीटरी ल्याण्ड फिल्ड साइट निर्माण गरिनेछ ।
- नारायणगढ, जगतपुर, माडी ठोरी सडकमा पर्ने सबै खोलानालामा कल्भर्ट तथा पक्कीपुल निर्माण गरी सडक निर्माण गरिने छ ।
- माडी क्षेत्रमा रहेका तटिय क्षेत्रमा तटबन्ध निर्माण कार्य गरिनेछ । चुरे क्षेत्रमा नमुनाहिल स्टेशन निर्माण गरिनेछ ।
- माडी नगरपालिका तथा भरतपुर महानगरपालिकाले वन, वातावरण तथा पर्यटन सम्बन्धि ठूला परियोजनाहरु प्रदेश तथा संघीय सरकारबाट पूरा गराउन विशेष पहल गरिनेछ ।
- जनयुद्धका क्रममा भूलवश भएको बाँदरमुढे दुर्घटनामा दिवङ्गतहरुको चिरस्मरणमा सहिद पार्क निर्माण गरिने छ ।
- क्षेत्रभित्र रहेका बजार उन्मुख क्षेत्रलाई व्यवस्थित सहरीकरण गरिनेछ र मुख्यमुख्य बजार बिचमा यातायात सञ्चालन हुने गरी सडक स्तर उन्नति गरिनेछ ।
- प्रत्येक वडामा एक बहुउद्येशीय दलित सामुदायिक भवन निर्माण गरिने छ ।
- मेघौली विमानस्थललाई स्तरोन्नती गरी हवाई सेवालाई लुम्बिनी, पोखरा र जनकपुरसँग जोडिने छ ।

### ३. शिक्षा

- संबिधानले परिकल्पना गरेको ‘सबैका लागि निशुल्क शिक्षा’ उपलब्ध गराउन राज्यलाई उत्तरदायी बनाउने ऐन कानुन निर्माण गरिनेछ ।
- चितवनलाई एक प्रमुख ‘शैक्षिक तथा मेडिकल हब’का रूपमा विकास गर्न आवश्यक नीति निर्माण गरिने छ ।
- कृषि तथा बन विश्वविद्यालयको सामार्थ्य विकास गरी बिदेशी बिद्यार्थीहरुलाई समेत आकर्षण गर्न नीतिगत पहल गरिनेछ ।
- चितवन इन्जिनियरिङ कलेजमा बिभागहरु थप गर्न पहल गरिनेछ ।
- सामुदायिक विद्यालयहरु र सरकारी क्याम्पसको स्तरिकरण गरिनेछ ।
- सबै सामुदायिक क्याम्पस/कलेजलाई बिश्वबिद्यालय अनुदान आयोगबाट अनुदानको व्यबस्था गराउन आवश्यक नीतिगत पहल गरिनेछ ।
- ‘प्रादेशिक पब्लिक विश्वविद्यालय’ स्थापना गर्न आवश्यक नीति निर्माण गरिनेछ ।
- प्रादेशिक स्तरको आधुनिक पुस्तकालय र अनुसन्धान केन्द्र स्थापना गरिनेछ ।

- विद्यालयीय शिक्षाको पाठ्यक्रम स्तरिकरण र उचित नियमनका लागि चितवनका ७ वटै स्थानीय तहसँग समन्वय र सहकार्य गर्न गराउन निर्वाचित जनप्रतिनिधि बीच बिशेष संयन्त्र निर्माण गरिनेछ ।
- आधारभुत देखि माध्यमिक तहका पाठ्यक्रमको स्थानीय बिशेषताको आधारमा परिमार्जन र सोही बमोजिम अध्ययन/अध्यापन गर्ने गराउने नीति बनाइनेछ ।
- 'एक वडा- एक नमूना विद्यालय' बनाउन आवश्यक नीतिगत तथा भौतिक व्यबस्था गरिनेछ ।
- नीजि-सरकारी-साझेदारीका माध्यमबाट चितवनलाई शैक्षिक नगरको रुपमा बिकास गरिनेछ ।
- शैक्षिक बजेटको ७० प्रतिशत रकम प्राबिधिक र ३० प्रतिशत साधारण शिक्षामा लगानी गर्ने नीति निर्माण र कार्यान्वयनको पहल गरिनेछ ।
- 'दिवाकर स्मृति प्राबिधिक शिक्षालयलाई प्रादेशिक स्तरको प्राबिधिक महाबिद्यालय' बनाइनेछ ।
- पश्चिम चितवनमा प्रादेशिक स्तरको प्राबिधिक र व्यवसायिक महाबिद्यालय' स्थापना गर्न आवश्यक नीति निर्माण  गरिनेछ ।
- सरकारी क्याम्पसमा स्नातक तह अध्ययन गर्ने छात्राहरुलाई छात्रबृत्ति उपलब्ध गराइनेछ ।
- माध्यमिक शिक्षाको राष्ट्रिय मानक निर्धारण र विकासका लागि प्रादेशिक तथा संघीय शिक्षा आयोग गठन गर्न नीतिगत पहल गरिनेछ ।
- सामुदायीक विद्यालयको कक्षा ११ र १२ मा अध्यापन गराउने शिक्षकहरुको स्थायी दरबन्दीको ब्यवस्थाका लागि आवश्यक ऐन निर्माण एंव संशोधन गरिनेछ ।
- कक्षा ११ र १२ मा भर्ना हुने छात्राहरुलाई साइकल अनुदानका लागि पहल गरिनेछ ।
- प्रत्येक वडामा इन्टरनेट र आधुनिक पुस्तकालय सहितका सामुदायीक स्रोतकेन्द्र बनाइनेछ ।
- न्यून एवं मध्यम आय भएका परिवारका शिशुहरुको प्रारम्भिक शिक्षालाई सहज र गुणस्तरीय बनाउन शिशु विकास केन्द्र कार्यक्रम संचालन गरिनेछ ।
- मातृभाषामा प्राथमिक शिक्षा पाउने अधिकार सुनिश्चित गरिनेछ ।
- प्रत्येक सामुदायीक विद्यालयलाई यातायात खरिद अनुदानको ब्यवस्था गरिने छ ।
- सबै विद्यालयमा प्रत्येक महिना स्वास्थ्य परीक्षण गराउने व्यवस्था गरिनेछ ।
- सामुदायीक विद्यालयलयमा स्थायी रुपमा नर्सिङ दरबन्दी सहित सेवा उपलब्ध गराइनेछ ।

- सामुदायीक विद्यालयमा दरबन्दी सहितको कर्मचारीको व्यवस्था गरिने छ ।
- सामुदायीक विद्यालयमा निशुल्क स्यानिटेरी प्याडको व्यवस्था गरिने छ ।
- सामुदायीक विद्यालयको विद्यार्थी संख्याको अनुपातमा शिक्षक दरबन्दीको व्यवस्था एवम् मिलान गरिनेछ ।
- सामुदायीक क्याम्पसहरुलाई भौतिक तथा शैक्षिक रुपमा सबल र सक्षम गराउन आवश्यक अनुदान उपलब्ध गराइनेछ ।

४. **स्वास्थ्य**

- भरतपुर सरकारी अस्पताललाई टिचिङ्ग हस्पिटलमा बदल्न आवश्यक कानुन निर्माण गरिनेछ ।
- बि. पि. कोइराला मेमोरियल क्यान्सर अस्पताललाई क्यान्सर एकाडेमीका रुपमा स्थापना गरिनेछ ।
- भरतपुरमा 'मेडिकल युनिभर्सिटी' स्थापना गर्न शक्तिशाली मेडिकल वोर्ड गठन गर्न पहल गरिने छ ।
- २८ वटै वडाहरुमा बिशेषज्ञ डाकटर, नर्स, औषधी र आवश्यक इक्युप्मेन्ट सहित 'नागरिकको घरदैलोमा मोबाइल अस्पताल सेवा' सञ्चालन गरिनेछ ।
- भरतपुर-१५ मा शिक्षक अस्पताल स्थापना गर्ने संघीय सरकारको योजना कार्यान्वयनका लागि सक्रिय सहजीकरण गरिनेछ ।
- मानसीक रोग नियन्त्रणका लागि मनोरोग परामर्श केन्द्र स्थापना गरिनेछ ।
- थारु समुदायमा लाग्ने Sickle Cell Diseases अनुसन्धान र उपचारका लागि पहल गरिनेछ ।
- आवश्यक वडामा १५ शैयाको सुबिधा सम्पन्न अस्पताल निर्माण गर्न नीतिगत पहल र समन्वय गरिनेछ ।
- मेघौलीमा ५० वेडको सिटी अस्पताल निर्माण गरिनेछ ।
- शारदानगर हेल्थ पोष्टलाई प्रादेशीक अस्पताल बनाइनेछ ।
- स्वास्थ्य समस्यालाई सूचना प्रबिधिबाट सेवा लिन टेली मेडिसन प्रबिधि सुरु गरिनेछ ।
- माडी बघौडा अस्पताललाई सुबिधा सम्पन्न प्रादेशिक अस्पताल बनाइनेछ ।
- माडीमा अत्याधुनिक प्रविधियुक्त ब्लड बैंक स्थापना गरिनेछ ।
- आमाहरुको पाठेघरको सम्भावित क्यान्सर निराकरण गर्न पाठेघरको मुखको स्क्रिनीङ्ग र शिशुको भ्याक्सिनेसन निशुल्क गराइनेछ ।

- बाथ, मुटुरोग, मृगौला पीडित जस्ता १२ वटा प्राणघातक रोगहरुलाई उपचार सहायता उपलब्ध गराइँदै आएकोमा यो कार्यक्रम थप रोगहरुमा पनि लागू हुने नीतिगत व्यवस्था गरिनेछ ।
- आगामी पाँच वर्षभित्रमा सबै वडाहरूमा सुरक्षित एवम् शुद्ध खानेपानी पुऱ्याइनेछ ।
- सबै स्वास्थ्यकर्मीहरुलाई न्यायोचित पारिश्रमिकको ब्यवस्था गर्न आवश्यक नीतिगत सुधार गरिनेछ ।
- स्वस्थ्य बीमा कार्यक्रम मार्फत प्राप्त हुने सेवालाई सरल, सुबिधाजनक र चुस्त दुरुस्त बनाउन आवश्यक नीतिगत र प्राबिधिक पहल गरिने छ ।
- वडा भित्रका विपन्न तथा गरिव नागरिकको लागी निःशुल्क स्वास्थ्य बीमा उपलब्ध गराउन तहगत सरकारसँग समन्वय गरिनेछ ।
- एक स्वास्थ्यचौकी एक एम्बुलेन्स सेवा निःशुल्क रुपमा उपलब्ध गराइनेछ ।
- सुत्केरी आमा : पोसिलो खाना भन्ने नाराका साथ स्थानीय स्वास्थ्य संस्थाबाट सुत्केरी भएमा १ वर्षसम्म पोषण कुपन वितरण गरिनेछ ।
- गर्भवती महिलाहरुको पोषणको लागि नियमित भत्ताको व्यवस्था गरिनेछ ।
- नवजात शिशुको निःशुल्क उपचार कार्यक्रमलाई वडाहरुमा विस्तार गरिनेछ ।
- बालस्वास्थ्य र मातृ शिशु स्वास्थका कार्यक्रमहरु हरेक घर-दैलोमा पुऱ्याइनेछन् ।
- महिला स्वास्थ्य स्वयंसेविकाहरु लाई दिइदै आएको भत्ता र सुविधालाई दुई वर्षभित्रै दोब्बर बनाइनेछ ।
- समय समयमा विभिन्न टोल टोलमा दीर्घरोगका लागी स्क्रिनिङ क्याम्प सञ्चालन गरिनेछ ।
- पाँचबर्षभित्र सबै पालिकाहरूका नागरिकको स्वास्थ्य बीमा गरिने छ ।

## ५.पर्यटन विकासः आर्थिक समृद्धिको आधार

- नारायणी, राप्ती तथा रिउ नदी किनारमा तटबन्धन गरी उकास भएको जग्गामा एकीकृत पर्यटन विकास योजना तर्जुमा गरी पर्यटन विकास गरिनेछ ।
- निर्वाचन क्षेत्रभित्रका २८ ओटै वडामा पहिचान दिने २८ पर्यटकीय गन्तव्य पूर्वाधार विकास एवम् प्रवर्द्धन गरिनेछ ।
- मेघौली -शुक्रनगर-जगतपुर-बगौडा-बसन्तपुर हुँदै शिवद्धार सम्मको सांस्कृतिक होम स्टे परिपथ निर्माण गरी प्रवर्द्धन गरिनेछ ।

- बखान सहकारीको स्तरोन्नति गरी सहकारी पर्यटन गन्तव्यको रुपमा प्रवर्द्धनगरिने छ। साथै निर्माणाधिन बखान सहकारी संग्रालयको निर्माण कार्य सम्पन्न गरिने छ।
- “एक सामुदायिक वन एक पर्यटकीय उद्योग” अवधारणा कार्यान्वयनमा ल्याइनेछ।
- देवघाट-गोलाघाटदेखि त्रिवेणी तथा सौराहा-गोलाघाटदेखि त्रिवेणीसम्म जलयात्रा संचालनका लागि सरकारसँग आवश्यक सहजीकरण गरी पूर्वाधार तयार गरिनेछ।
- नारायणी र राप्ती नदीको किनारमा बोटानिकल जु तथा राष्ट्रिय निकुन्ज र सामुदायीक वनको सहयोग खुला चिडियाखाना बनाइने छ।
- टाइगर ताल, राइनो ताल, बिसहजारी ताल, किङ्गफिसर ताल, बाटुलीपोखरी, अठ्ठाइसहजार ताल र कसरा तालहरुको लेकसाईट सर्किट प्रवर्धन गरिनेछ।
- क्षेत्रभित्रका होमस्टे तथा सानाहोटल रेष्टुरेन्टलाई भौतिकपूर्वाधार विकासका लागि आवश्यक सहयोग गरिनेछ।
- प्रत्येक वडामा व्यवसायिक प्रर्वद्धनका लागि बजार व्यवस्थापन गरि वडाहरुबाट उत्पादन भएका खाद्य सामग्री सहज तरिकाले बजार पुऱ्याउने गरी क्षेत्रभित्र कम्तिमा तीनवटा चिस्यान केन्द्र निर्माण गरिनेछ।
- देवघाट- विक्रमबाबा-पाँच पाण्डव हुँदै सोमेश्वरगढी सम्मको धार्मिक परिपथ योजना तर्जुमा गरी कार्यान्वयनमा ल्याइने छ।
- क्षेत्र नं. ३ अन्तर्गत पर्ने पहिचान गरिएका ३५ ओटा पर्यटकीय गन्तव्यहरुको पूर्वाधार विकास एवम् प्रवर्द्धन गरिनेछ।
- सरकारी तथा नीजि क्षेत्रको सहकार्यमा वि.सं. २०८० लाई भरतपुर भ्रमण वर्ष र वि.सं.२०८१ लाई माडी भ्रमण वर्षका रुपमा घोषणा गरी विशेष प्रवर्द्धन गरिनेछ।
- माडी क्षेत्रमा विशेष गरी कृषि पर्यापर्यटन ९ब्नचय( भ्अय त्यगचष्क० को विकास गरिनेछ।
- नारायणी नदि किनारामा तटबन्धन गरी सरकारी नीजि साझेदारीमा खेल मैदान, पार्क, होटल तथा पर्यकटीय रुपमा पुर्वाधार निर्माण गरिनेछ।
- यस क्षेत्रका थारू, दराई, बोटे, कुमाल लगायतका जातिगत सँस्कृतिको संरक्षण र सम्बर्द्धन गर्दै पर्यटन प्रबर्द्धन मार्फत स्वरोजगार बढाइनेछ।
- मेघौली -शुक्रनगर-जगतपुर-बगौडा-बसन्तपुर हुँदै शिवद्धारसम्मको सांस्कृतिक होम-स्टे परिपथ निर्माण गरी प्रवर्द्धन गरिनेछ।

- सोमेश्वरगढी, गोद्धक पाण्डवनगर, चितवन राष्ट्रिय निकुञ्ज, अयोध्याधाम, रेवा नदी, बैकुण्ठेश्वरधाम र शिवद्वारलाई Seven Points of Madi को रुपमा प्रवर्द्धन गरिनेछ ।
- UNESCO का प्रावधानबाट हुने विकास निर्माणका अवरोधहरु निराकरण गर्न पहल गरिनेछ ।
- निकुञ्ज तथा धार्मिक स्थलहरुको अतिक्रमण रोकी सीमाङ्कन गरिने छ ।
- जातीय (कुमाल, दराइ, बोटे, चेपाङ्ग आदि) प्राकृतिक तथा पुरातात्विक संग्रहालय स्थापना गरिनेछ ।
- पाण्डवनगर-वाल्मिकी आश्रम-त्रिवेणीधाम साहसिक पैदल मार्गको अध्ययन गरिनेछ ।
- "एक सामुदायीक वन एक पर्यटकीय उद्योग" अवधारणा कार्यान्वयनमा ल्याइनेछ ।
- देवघाट, गोलाघाट, त्रिवेणीधाम सम्म जलयात्रा संचालनका लागि सरकारसँग आवश्यक सहजीकरण गरी पूर्वाधार तयार गरिनेछ ।
- पर्यटन क्षेत्रका निर्माणाधीन पार्क संग्रहालय, पर्यटन सूचना केन्द्र निर्माणमा निरन्तरता दिइनेछ ।
- सिटीहल, प्रदर्शनी केन्द्र, गौतमबद्ध क्रिकेट रंगशालाको अधिकतम उपयोग गरी सभा-सम्मेलन पर्यटन तथा खेल पर्यटनको विकास गरिनेछ ।
- भौगोलिक अवस्था अनुसार पर्यापर्यटन, शैक्षिक पर्यटन, जल पर्यटन, स्वास्थ्य पर्यटन, सांस्कृतिक पर्यटन, होमस्टे पर्यटन, धार्मिक पर्यटन, आध्यात्मिक पर्यटन, हाइकिङ्ग तथा ट्रेकिङ्ग आदिको प्रवर्द्धन गरिनेछ ।
- पर्यटन विकासका लागि बोटे, माझी, कुमाल, चेपाङ,थारु,दरै र आदिवासीहरुको होमस्टे निर्माण गरिनेछ ।
- युवाको नेतृत्व र सहभागितामा विभिन्नमेला,महोत्सब,प्रदर्शनी,फुडफेस्टिवल कार्यक्रमहरु आयोजना गरिनेछ ।
- भरतपुर-२१, रतनपुरमा दलित समुदायको सास्कृतिक संग्रालय निर्माण गरि गन्तव्य स्थलको रुपमा बिकास गरिने छ ।
- निकुन्ज र वन्यजन्तु वीच द्वन्द व्यवस्थापन गर्न जीवन बीमा , कृषि बीमा, पशुपालन बीमा र मेसजाली सहितको च्र्न्र्त्र तारवार जस्ता कार्यहरु गरिनेछ ।
- पर्यटन उद्योगलाई उद्योग सरह मान्यता दिन संघीय सरकार समक्ष पहल गरिनेछ । होटल तथा रेष्टुरेण्ट नियमावली संशोधन गरी श्रमिक तथा व्यवसायी मैत्री बनाईनेछ ।

- चितवन राष्ट्रिय निकुन्जको संरक्षण र उपयोग गर्दै गुणस्तरीय पर्यटक निम्त्याउन टेन्टेड क्याम्प स्थापना गर्न पहल गरिनेछ ।
- मेघौली, पटिहानी, बीसहजार ताल, नारायणी सि-बिच मोडल, ज्ञानेश्वर ब्लक, बखान सहकारी, सीतामाई छीतामाई),जस्ता प्रमुख पर्यटकीय गन्तव्यहरुलाई सेभेन प्वाइन्टको रुपमा प्रबर्द्धन गरिनेछ ।

## ६. कृषि

- माडीको निश्चित क्षेत्रलाई माछा जोनको रुपमा बिकास गरिनेछ । हनुमान भ्कुलालाई फलफूल उत्पादन जोनमा बिकास गरिनेछ ।
- उत्पादन र उत्पादकत्व बृद्धि गर्न कृषिमा व्यवसायिकरण, आधुनिकीकरण र यान्त्रिकरणमा विशेष जोड दिइने छ ।
- किसानलाई विउ मल तथा किटनाषक औषधी सहजै उपलब्ध गरि गुणस्तरीय विउ उत्पादन गर्ने किसानलाई अनुदानको ब्यवस्था गरिने छ ।
- कृषि उत्पादनको विक्रि तथा सङ्कलन “नगर कृषि कार्यालय” मार्फत गरि उचित मूल्य प्रदान गर्नुका साथै कृषि, पशुपन्छी, फलफुल र तरकारी बालीमा अनिबार्य बीमाको ब्यवस्था गरिने छ ।
- दुग्ध किसानलाइ प्रोत्साहन गर्न प्रति लिटर पाँच रुपैयाँ अनुदानको व्यबस्था गर्न पहल गरिनेछ ।
- कृषितथा वन विश्व विद्यालयमा विद्यार्थी भर्ना कोटा बृद्धि गरि उत्कृष्टताको केन्द्र (Centre of Excellance) बनाई कृषि इन्जिनियरिङ लगायतका विभिन्न विषयको पठनपाठन शुरु गरिनेछ ।
- पशु स्वास्थ्य अस्पताल मार्फत किसानको गोठमा निशुल्क उपचार सेवा उपलब्ध गराउन पहल गरिनेछ ।
- जग्गा बाँझो राख्नेलाई निरुत्साहन गर्नका लागि पुर्वाधारको विकास गर्ने त्यस्ता स्थानमा फलफूल तथा तरकारी, अन्नबाली लगाउन अनुदानको व्यवस्था गर्ने र ठाउँ अनुसार माटो परीक्षण गरी व्यवसायीक कृषिका लागि पकेट क्षेत्र निर्माण गरिने छ ।
- हाल सञ्चालनमा रहेका पशुपालन तथा कृषि फर्महरु -गाई, भैंसी, वंगुर, माछा, माहुरी, बाख्रा, कुखुरा, पंक्षीहरु, जडिबुटी, तरकारी तथा फलफूल क्षेत्रको स्तरोन्नति तथा बजारीकरणमा सहजीकरण गर्न सार्वजनीक नीजि साझेदारीलाई प्रवद्धन गरिने छ र किसानहरुको सूचिकरण र वर्गीकरण गरेर उत्कृष्टताका आधारमा अनुदान सहयोग

समेत गरिने छ ।

- भूमि वैंकको व्यवस्था गरि स्थानीय किसानलाई अग्राधिकार दिने र साना किसानलाई दुई प्रतिशतमा तथा मझौला र ठूला किसानलाई चार प्रतिशत व्याजदरमा कृषि ऋणको व्यवस्थाका साथमा कृषि बीमामा साना किसानलाई ९० प्रतिशत र मझौला तथा ठूला किसानलाई ७५ प्रतिशत अनुदान दिन पहल गरिने छ ।
- कृषि उपजको लागत मुल्य तयार गरि कम हुन गएमा वीमाद्धारा नीतिगत संवोधन गर्ने व्यवस्था मिलाउने पहल गरिने छ ।
- उन्नत बीऊ विजन एवम् उन्नत नश्लका पशुपन्छीमा ५० प्रतिशत अनुदान, कृषि पशुपन्छी तथा मत्स्य उत्पादनमा खपत हुने कृषि विद्युत्मा ५० प्रतिशत छुट, आधारभूत खाद्य बस्तुको न्यूनतम समर्थन मूल्य, किसानले बर्षेनी भोगिरहेको मलको समस्या समाधान र माटोको अवस्था सुधार्न स्वदेशमै भर्मी कम्पोष्ट, हरियो मल र बायो फर्टिलाइजर उत्पादन र प्रयोगमा जोड दिइने छ ।
- बजारीकरणका लागि कृषि एम्बुलेन्सको व्यवस्था गरिनेछ ।
- अति विपन्न घरपरिवार परिचयपत्रका आधारमा रासन दिने व्यवस्था, खाद्यान्नगोदाम, प्रशोधन केन्द्र र सुपथ खाद्यान्न पसलहरुको स्थापना, मातृ तथा बालपोषण सुरक्षाकालागि बहुपक्षीय एकीकृत कार्यक्रम संचालन गरिनेछ ।
- कृषि उद्यमशिलता विकासमा नवप्रवर्तकहरुलाई प्रोत्साहन, प्राविधिक सेवा तथा बजारीकरणमा विद्युतीय सूचना प्रवधि प्रयोगमा प्रोत्साहन, कृषिमा आधारित उद्योग स्थापनालाई प्रोत्साहन गरिनेछ ।
- प्राथमिकता प्राप्त क्षेत्रमा सतही, सौर्य, लिफ्ट, भूमिगत सिँचाई तथा नविनतम प्रविधिमा आधारित साना सिँचाइ पूर्वाधार विकासको कार्यक्रम संचालन गरिने छ ।
- जल उपभोक्ता समितिको क्षमता विकास तथा सुदृढीकरण गर्ने र कृषि योग्य जमिनमा विद्युत् प्रसारण लाइनको व्यवस्था गरिनेछ ।
- महिलामैत्री साना तथा मझौला कृषियन्त्र उपकरणहरुको पहिचान र वितरण तथा ठूला यन्त्र उपकरणको कस्टम हाइरिङ्ग सेन्टर तथा मर्मत सम्भार केन्द्रहरुको स्थापना गर्न पहल गरिने छ ।
- कृषि उपजहरुको प्राथमिक प्रशोधनको लागि आवश्यक पर्ने विद्युत महसुलमा कम्तिमा ५० प्रतिशत अनुदान, सौर्य सिँचाई तथा सौर्य कृषि प्रवर्द्धन गर्न सौर्य पूर्वाधार जडान गर्न लाग्ने रकममा ५० प्रतिशत अनुदान  र निर्यात प्रवर्द्धन निर्यातजन्य बाली तथा वस्तु

उत्पादन गर्ने स्थानीय तहमा उत्पादन भएको उपजको गुणस्तर प्रमाणीकरणका लागि लाग्ने खर्चमा स्थानीय तहबाट ७५ प्रतिशत अनुदानको व्यवस्था गरिने छ ।

- निर्यातजन्य कृषि उपजको गुणस्तर प्रवर्द्धनका लागि गुणस्तरीय प्रयोगशाला सहयोग, अन्तर्राष्ट्रिय बजार पहिचान तथा प्रवर्द्धनमा नीजि क्षेत्रसँगको साझेदारीमा सामूहिक प्रयास गरिनेछ ।
- प्रमुख कृषि उपजको न्यूनतम मूल्य निर्धारण तथा न्यूनतम समर्थन मूल्यमा खरिद गरी बिक्रि वितरणको व्यवस्था गरिनेछ ।
- उत्पादन पछिको क्षति कम गर्न गोदाम घर निर्माण, ग्रेडिङ्ग तथा प्याकेजिङ्गका संरचनाको स्थापना, चितवनका स्थानीय तहहरु र आसपासका जिल्लाहरुका आपसी साझेदारीमा कृषि बजारको स्थापना गर्ने व्यवस्था मिलाईने छ ।
- माटोको म्यापिङ नियमित रुपमा अध्यावधिक गरी गुणस्तर वृद्धिका लागि एकीकृत खाद्यतत्व तथा दिगो माटो व्यवस्थापन, प्राङ्गारिक सामाग्री उत्पादन गर्ने उद्योगहरुलाई प्रोत्साहन, कृषि क्षेत्रमा जलवायु परिवर्तनबाट पर्ने नकारात्मक प्रभाव न्यूनीकरण गर्न स्थानीयस्तर मै योजनातर्जमा,बाढी, पहिरो, डुबान, खडेरी आदि प्रकोपबाट प्रभावित स्थानीय किसानहरुलाई लक्षित गरी राहत तथा जिविकोपार्जन सहयोग कार्यक्रम सञ्चालन गरिने छ ।
- महिलामैत्री कृषि प्रविधिको विकास तथा प्रसार, महिला किसानका लागि थप आर्थिक तथा प्राविधिक प्रोत्साहन, घरमूली हुने महिला किसानलाई थप २० प्रतिशत अनुदानको व्यवस्था गरिने छ ।
- सबै स्थानीय तहमा न्यूनतम एक-एक जना कृषि तथा पशुपन्छी/भेटेनरी अधिकृत एवम् वडा तहमा नायव प्राविधिक सहायकको दरबन्दी र निरन्तर क्षमता विकासको व्यवस्था मिलाईने छ ।
- स्थानीयतहका प्राविधिक र प्रादेशिक तथा सङ्घीय कृषि प्राविधिकहरु बीच निरन्तर समन्वय गरेर कृषि प्राविधिक तथा अगुवा किसानको साझेदारीमा स्थानीय प्राथमिकता प्राप्त कृषि उपजहरुको व्यावसायिक र आधुनिक उत्पादन तथा प्राथमिक प्रशोधन सम्बन्धी प्रविधि प्रदर्शनी स्थल सञ्चालनको व्यवस्था गरिने छ ।
- किसानको खेतवारीमै प्राविधिक सेवा र टेवा, स्थानीय समस्यामा आधारित कृषि अनुसन्धान तथा प्रसार, कृषिमा डिजिटल प्रविधिको प्रसारमा कार्यकम बनाई लागु गरिने छ।

- सङ्घ, प्रदेश र स्थानीयतहलाई कृषि क्षेत्रमा आवश्यक पर्ने जनशक्तिको यथाशीघ्र व्यवस्थापनका लागि ६ महिनाभित्र सङ्घीय तथा प्रादेशिक निजामतिसेवा ऐन तथा नियमावलीको तर्जमा गरिने छ ।
- थप लगानी र नवीनतम कृषि प्रविधि विकास तथा प्रसार र कृषि पूर्वाधार विकासका लागि राष्ट्रिय तथा अन्तराष्ट्रिय नीजि क्षेत्र तथा गैरसरकारी निकायहरुसँग समन्वय गरि जनशक्ति विकासको एकीकृत योजना र कार्यान्वयन गरिने छ ।
- सहकारी क्षेत्रमा सुशासन कायम गरी मर्यादित बनाउन स्थानीय स्तरमा प्रभावकारी नियमन, सहकारी सङ्घ सस्थाहरुलाई एकीकरण गरी व्यवसायिकरण र गुणस्तर विकास, प्रविधिमैत्री सहकारी, कृषिजन्य वस्तु मल, विउ, यन्त्र, उपकरण आदि सहकारी सङ्घ संस्थामार्फत विक्रीवितरण गर्ने व्यवस्थालाई व्यवस्थित र प्रभावकारी वनाउन पहल गरिने छ ।
- सहकारी विद्यालय, कलेज, स्वास्थ्य केन्द्र आदिको सञ्चालन गर्दा स्थानीय सरकारसँगको समन्वयमा गर्ने व्यवस्था गरि सहकारी पुँजीलाई उत्पादनमूलक क्षेत्रमा परिचालन गरिने छ ।
- साना किसानलाई दुई प्रतिशतमा तथा मझौला र ठुला किसानलाई चार प्रतिशत ब्याजदरमा कृषि ऋणको व्यवस्था, कृषि बीमामा साना किसानलाई ९० प्रतिशत र मझौला तथा ठूला किसानलाई ७५ प्रतिशत अनुदान तथा अति विपन्न घरपरिवारलाई परिचयपत्रका आधारमा रासन दिने नीतिगत व्यबस्था गरिनेछ ।
- बजारीकरणका लागि कृषि एम्बुलेन्सको व्यवस्था गरिनेछ । कृषि उपज तथा पशुपन्छी उत्पादन र मत्स्यपालन कार्यका लागि निःशुल्क विद्युतको सुनिश्चतता गरिनेछ । उत्पादन पछिको क्षति कम गर्न गोदाम घर निर्माण, ग्रेडिङ्ग तथा प्याकेजिङ्गका संरचनाको स्थापना गर्न समन्वय गरिनेछ ।
- यस क्षेत्रको ग्रामीण साना किसानहरुलाई ब्यवसायिक बनाउन पोल्ट्री, दूग्ध, केरा, माछा, तरकारी जस्ता कृषिजन्य उत्पादन बृद्धिको लागि बिशेष सरकारी सहयोगको नीतिगत व्यबस्था गरिनेछ । यस क्षेत्रभित्र कम्तिमा २ ओटा ब्यवस्थित फलफूल तथा तरकारी बैङ्क स्थापना गरी स्वरोजगार सुदृढ गरिनेछ ।
- पशुपंछी पालन, फोहरमैला व्यवस्थापन, जैविक ऊर्जा, घरेलु, लघु र मझौला उद्योगहरू सञ्चालन गर्न बिशेष ग्राण्डको नीतिगत व्यबस्था गरिनेछ ।

## ७. स्वरोजगार

- सार्वजनिक र नीजि सहकार्यमा कम्तिमा २ ओटा रोजगारमूलक तथा स्व-उद्यम प्रवर्द्धन गर्ने प्राविधिक शिक्षालयको स्थापना गरी युवालाई रोजगारमूखी बनाइनेछ ।
- शिक्षालाई उत्पादन, श्रम, स्थानीय अर्थतन्त्र र रोजगारसँग जोड्न तत्काल यस क्षेत्रका कम्तिमा २ वटा शैक्षिक प्रतिष्ठानहरुमा 'कमाउदै पढ्दै' कार्यक्रम प्रारम्भ गरिनेछ ।
- युवाहरुले औपचारिक वा अनौपचारिक माध्यमबाट सिकेको सीपको परीक्षण गरी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय श्रम बजारमा उनीहरुको पेशाको पहिचान र समकक्षी मान्यता प्राप्त हुने व्यवस्थाका लागि सङ्घीय सरकारसँग आवश्यक समन्वय गरिने छ ।
- नारायणी, राप्ती, गोलाघाट किनारमा राज्य, व्यबसायिक प्रतिष्ठान र पब्लिक पार्टनर शिपमा पर्यटकीय होटल, होमस्टे निर्माण गर्न नीतिगत प्रोत्साहन गरी स्वरोजगार बढाइनेछ ।
- उद्योग व्यवसायी प्रतिष्ठानलाई रोजगारदाता र करदाताको रूपमा सम्मानजनक वातावरण निर्माण गर्दै युवा स्वरोजगार सुनिश्चित गरिनेछ ।
- वैदेशिक रोजगारीबाट फर्केका युवाहरूको कमाइ र सीपलाई उत्पादनमूलक क्षेत्रमा जोड्ने व्यवस्था गरिनेछ । व्यापक रूपमा रोजगारीका अवसर सिर्जना गरी वैदेशिक रोजगारीमा जाने वाध्यता अन्त्य गरिनेछ ।
- यस क्षेत्रमा सामूहिक लगानी, स्वदेशी उत्पादन र सेवामूलक उद्योग व्यवसायको विकासमा जोड दिइने छ ।

  भरतपुर स्थित औद्योगिक प्रर्दशनी केन्द्रलाई बाह्रै महिना प्रदर्शनी रहन सक्ने अन्तराष्ट्रिय स्तरको प्रदर्शनी केन्द्रको रुपमा बिकास गरिने छ ।
- एक वडा एक उद्यमशिलता कार्यक्रम मार्फत युवाहरुलाई स्वरोजगार सिर्जना गरिनेछ ।

## ८. भूमिहीन समस्या

- भूमि बिहीनहरुलाई प्राथमिकताका साथ हाल बसोबास गरेकै क्षेत्रमा जमिन धनिपुर्जा प्रदान गरि सुकुम्बासी समस्याको स्थायी समाधान गरिनेछ ।
- भूमि बिहीन परिवारका सदस्यहरुलाई निशुल्क शिक्षा, स्वास्थ्य र रोजगारीमा बिशेष प्राथमिकता दिन नीति बनाइनेछ ।
- भूमि बिहीन परिवारका सदस्यलाई स्वरोजगारका लागि बिना धितो सहुलियत अनुदान दिन नीति बनाइनेछ ।

## ९. सामाजिक सुरक्षा

### ९.१. बालबालिका :

- ६ वर्ष मुनिका बालबालिकाहरूका शारीरिक र बौद्धिक विकासका लागि प्रत्येक वडामा बालविकास केन्द्र स्थापना गरिने छ। क्षेत्र भित्र कम्तीमा तीन स्थानमा बाल उद्यान निर्माण गरिनेछ।
- बाल अधिकार सम्बन्धि आवश्यक कानुन निर्माणको सकरात्मक पहल गरिनेछ।

### ९.२ युवा तथा खेलकुदः

- प्रत्येक वडाहरूमा कम्तिमा एक खेलमैदान निर्माण गरिने छ।
- बिभीन्न खेल विधाका कम्तिमा दुई सुविधा सम्पन्न क्षेत्र स्तरीय रङ्गशाला निर्माण गरिने छ।
- शारीरिक रुपमा फरक क्षमताका खेलाडीहरूलाई प्रोत्साहन हुने गरि सबै पालिकाहरूमा कम्तिमा दुई/दुई बर्षमा त्यस्ता खेलाडीहरूको खेल प्रतियोगीता सञ्चालन गर्न नीतिगत पहल र समन्वय गरिनेछ।
- क्षेत्रभित्र कम्तिमा दुई ठाउँमा व्यवस्थित कवर्ड हल निर्माण गरिनेछ।
- सबै युवा क्लबहरुलाई व्यक्तित्व र आचरण सिकाइ केन्द्रको रुपमा बिकास गर्न आवश्यक व्यबस्था गरिनेछ।
- युवा उद्यमीलाई बिशेष सुरक्षाकोषको व्यबस्था गरिनेछ।
- स्पोर्टस् प्राबिधिक बिद्यालय स्थापना गरिनेछ।

### ९.३ ज्येष्ठ नागरिक

- स्वस्थ जीवनका लागि सबै वडाहरूमा सामूहिक व्यायामशाला, योग र सचेतना कार्यक्रमहरू सञ्चालनका लागि नीतिगत पहल तथा भौतिक पुर्वाधार बिकास गरिनेछ।
- ज्येष्ठ नागरिकहरूलाई दिइरहेको हालको मासिक सामाजिक सुरक्षा भत्तामा उल्लेख्य वृद्धि गर्न नीतिगत पहल गरिनेछ ।
- जेष्ठ नागरिक भत्ता घर-दैलोमै उपलब्ध गराइनेछ।
- प्रत्येक वडामा एउटा सुविधा सम्पन्न एकीकृत ज्येष्ठ नागरिक दिवा सेवा केन्द्र स्थापना गरिनेछ। आवश्यकता बमोजिम केन्द्रमा ज्येष्ठ नागरिकलाई आवास, भोजन, स्वास्थ्य, मनोरञ्जन र भ्रमण लगायतका सबै सेवा निःशुल्क उपलब्ध गराइनेछ।
- भरतपर महानगरपालिका वडा नं. २३ जगतपर र वडा नं. १९ शारदानगरमा निर्माणाधिन बृद्धाआश्रमको निर्माण कार्य सम्पन्न गरिने छ।

### ९.४ महिलाः

- महिलाहरूको राजनीतिक, आर्थिक तथा सामाजिक अधिकारहरूको संरक्षण र सम्वर्द्धनमा उत्तरदायी राज्य बनाउन आवश्यक ऐन कानुन निर्माण गरिनेछ ।
- महिलामैत्री कृषि प्रविधिको विकास तथा प्रसार, महिला उद्यमशिलता बिकासका लागि बित्तिय सुबिधा, किसानका लागि थप आर्थिक तथा प्राविधिक प्रोत्साहन, एकल महिला किसानलाई थप २० प्रतिशत अनुदानको नीतिगत व्यवस्था गरिनेछ ।
- राज्यका प्रत्येक संरचनामा महिलाको प्रतिनिधित्व न्यूनतम ३३ प्रतिशत नघट्नेगरी उनीहरुको अधिकतम सहभागिताका लागि विशेष पहल गरिनेछ। अति विपन्न र पछाडि परेका समुदाय जस्तै बोटे, कुमाल, दराइ लगायतका महिलाहरूलाई विशेष रोजगार मूलक कार्यक्रमहरू सञ्चालन गरिनेछ ।
- संसद बिकास कोषको ३३ प्रतिशत बजेट यस क्षेत्रका महिला सशक्तिकरणमा परिचालन गरिनेछ ।
- २८ ओटै वडाभित्र रहेका आमासमूहलाई सशक्तिकरण गर्न आवश्यक सेवा सुबिधा उपलब्ध गराउन पहल गरिनेछ ।
- महिला विरूद्ध हुने सवै प्रकारका हिंसा, शोषण, विभेद, दमन र बहिष्करणको रोकथाम एवम् नियन्त्रणका लागि सहज पहुँच सहितको कानूनी निरूपणको व्यवस्था गरिनेछ ।
- सरकारी अस्पतालमा प्रसुति गराउने महिलालाई हाल उपलव्ध गराइरहेको मातृत्व भत्ता लाई दोब्बर बनाउन नीतिगत पहल गरिनेछ ।

### ९.५ दलितः

- संबिधानको धारा :४० ले निर्दिष्ट गरेको दलित हकलाई व्यबहारिक कार्यान्वययन गर्न गराउन आवश्यक कानुन निर्माण गर्न बिशेष पहल गरिनेछ ।
- सामाजिक सांस्कृतिकरुपमा समतामुलक समाज निर्माण गर्न जातीय छुवाछुत तथा अन्य सामाजिक भेदभाव (कसुर र सजायँ) ऐन, २०६८ लाइ थप प्रभावकारी बनाउन आवश्यक पहल गरिनेछ ।
- यस निर्वाचन क्षेत्रभित्र सामाजिक सांस्कृतिक अन्तरघुलनका बिशिष्ट कार्यक्म सञ्चालन गरिनेछ। अन्तर्राष्ट्रिय जातीभेद उन्मूलन दिवस, चैत्र ८, देखि जातीय छुवाछुत उन्मूलन राष्ट्रिय दिवस, जेठ २१ सम्म करिब ७५ दिने सांस्कृतिक अन्तरघुलन अभियान सञ्चालन गर्न तहगत सत्तासँग आवश्यक समन्वय गरिनेछ ।

- एक वडा-एक बहुउद्येशीय दलित सामुदायिक भवन निर्माणका लागि तहगत सरकारसँग समन्वय गरिनेछ ।
- भरतपुर महानगरपालिका वडा नं. २१, रतनपुर स्थित ९ कठ्ठा सार्बजनिक जमिनमा दलित सँस्कृति तथा सीप संरक्षण संग्रालय निर्माण गर्न आवश्यक समन्वय गरिनेछ ।
- दलित समुदायको परम्परागत सीपको संरक्षण, औद्योगीकरण र बजारकीरणका लागि आवश्यक नीति र कार्यक्रम बनाइनेछ ।

**९.६ आदिवासी तथा सीमान्तकृत समुदायः**

- आदिवासी तथा सीमान्तकृत समुदायको भेषभूषा, भाषा, साहित्य, संस्कृति, रीतिरिवाज संरक्षण एबम संबर्द्धनका लागि तहगत सरकारसँग समन्वय गरिनेछ ।
- सीमान्तकृत समुदायको आर्थिक समृद्धिका लागि उद्यमशीलताको बिकास तथा बिना धितो सहुलियत अनुदानको व्यबस्था गरिनेछ ।
- आदिवासी तथा सीमान्तकृत समुदायका युवाहरुलाई रोजगारीमा प्राथमिकताको नीतिगत पहल गरिनेछ ।

**९.७ शारीरिक रुपमा फरक क्षमता भएका व्यक्ति :**

- शारीरिकरुपमा फरक क्षमता भएका व्यक्तिहरूको अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रचलन अनुरूप सामाजिक सुरक्षाको प्रत्याभूति गरिनेछ। प्रकृति हेरी उपयुक्त सीपमूलक तालिम प्रदान गरी रोजगारीका अवसरहरूमा पहुँच विस्तार गरिनेछ ।
- फरक क्षमता भएका व्यक्तिहरूलाई रोजगारी दिने उद्यमी व्यवसायीहरूलाई विशेष सम्मान र प्रोत्साहनकोव्यवस्था गरिनेछ ।
- शारीरिक रुपमा फरक क्षमता भएका व्यक्ति, अशक्त, बालबालिका, जेष्ठ नागरिक, गर्भ वती, सुत्केरी महिला, दीर्घ रोगी नागरिकका लागि घर-दैलोमा नै सेवा उपलब्ध गराउन आवश्यक नीति निर्माण गरिनेछ ।
- विशेष वर्गहरु जस्तै अपाङ्ग तथा फरक क्षमता भएका व्यक्ति, अशक्त, जेष्ठ नागरिक, गर्भवती, सुत्केरी महिला, दीर्घ रोगी नागरिकका लागि घर-दैलोमा नै सेवा सेवा उपलब्ध गराउने ।

**९.८ सहिद, घाइते तथा बेपत्ता योद्धा :**

- सहिद परिवार, आन्दोलनका घाईते, वेपत्ता योद्धाका छोराछोरीहरुलाई स्वास्थ्य, शिक्षा, रोजगार र यातायातका क्षेत्रमा थप सहुलियत सहित अग्राधिकारको व्यबस्था गरिनेछ ।
- भुतपूर्व सैनिक/प्रहरी योगदानको कदर एबम् सम्मान गर्दै योग्यता, क्षमता र अनुभवलाई राज्य निर्माणमा सदुपयोग गरिने छ ।

## १०. वन तथा वातावरण : सन्तुलित जीवन

- जलवायु परिवर्तनको असर र प्रभाव अध्ययन गरी प्राकृतिक विपद् न्यूनीकरणको प्रयास गरिनेछ ।
- सामुदायीक वनभित्र अदुवा, पान,मरिच, कुरीलो तथा वेतबाँस लगायतका खेती गर्न प्रोत्साहन गरिनेछ ।
- प्रत्येक घरमा मौसम अनुसारको फलफूलको बोटबिरुवा रोप्न एक घर एक बोटको नारा सहित प्रोत्साहित गरिनेछ ।
- ४० माईक्रोन भन्दा कमका प्लाष्टिकको झोला उत्पादनलाई कडाईका साथ बन्देज गरिनेछ । प्लास्टिक रहित वडा घोषणा कार्यक्रमलाई प्रोत्सहान गरिनेछ ।
- वडा वडामा भएका सरकारी खाली जमिनको तारवार गरी संरक्षण गरिनेछ ।
- नदीले कटान गरेका नीजि जमिनको बालीको मुवब्जा भुक्तानी दिने व्यवस्था मिलाइनेछ ।
- पालिकाहरुको ढल-नलले नदी प्रदूषण हुने र सो को असर निकुञ्जमा रहेका बन्य जन्तुलाई असर पार्ने हुँदा ढल-आवश्यक व्यबस्थापन गरिनेछ ।
- प्रत्येक घरमा शौचालयको ब्यवस्थाको साथै विद्युतीय चुलो,सौर्य उर्जा आदिको प्रयोगबाट सबै घरहरुलाई धुवाँ मूक्त गरिने छ ।
- भान्छा नै पहिलो अस्पतालको आधारभूत मान्यता बमोजिम खाद्य पदार्थ र सरसफाइ सचेतना अभियान सञ्चालनका लागि आवश्यक संयोजन गरिनेछ ।
- नदी, ताल, सामुदायीक वन एबम् सीमसार क्षेत्रको प्रदूषण नियन्त्रण गरिनेछ ।

## ११.औद्योगिक विकास तथा सहकारी

- Made in Bharatpur र Made in Madi को ब्राण्डमा कृषि उत्पादन र बजारीकरणको व्यवस्था गरिनेछ ।
- निजी क्षेत्रले उद्योग विस्तार गर्दा आवश्यक पर्ने पानी, बिजुली र सडक तहगत सरकारले व्यवस्था गर्नेछ ।
- औषधी उत्पादन सम्बन्धि कम्पनीका लागि आवश्यक कच्चा पदार्थ उत्पादनमा आत्मनिर्भर बनाइनेछ ।
- क्षेत्र भित्र कम्तिमा दुई ठाउँमा औधागिक क्षेत्र विस्तार गरिनेछ ।
- ठोरी नाकालाई व्यवस्थित बनाई भारतसँगको व्यापार तथा सुख्खा पारवहनलाई नियमित गरिने छ ।
- पालिकाहरुमा रोजगारमूलक तथा स्व-उद्यम प्रवर्द्धन गर्ने प्राविधिक शिक्षालयको

व्यवस्था गर्न युवालाई रोजगारमूखी प्राविधिक शिक्षा तथा तालिम दिन प्रोत्साहित गरिनेछ । सार्वजनिक र नीजि सहकार्यमा रोजगारमूखी प्राविधिक शिक्षालयहरु खोलिनेछन् ।

- हरेक स्थानीय तहमा एउटा स्रोत साधनयुक्त उद्यम विकास केन्द्रको सञ्चालन गर्ने र वैदेशिक रोजगारमा संलग्न वा फर्केका व्यक्तिहरूलाई उद्यम सञ्चालन गर्न सहजता गरिने छ ।
- स्थानीय तहमा उपलब्ध हुने वा हुन सक्ने रोजगारीका सूचना तथा तथ्याङ्क सहितको रोजगार बैंक स्थापना गरिने छ । यसवाट रोजगारीको खोजीमा रहेकाहरुको सहयोगका लागी रोजगार बैंकले सूचना उपलब्ध गराउने तथा सहजीकरण गर्ने छ ।
- युवाहरुले औपचारिक वा अनौपचारिक माध्यमबाट सिकेको सीपको परीक्षण गरी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय श्रम बजारमा उनीहरुको पेशाको पहिचान र समकक्षी मान्यता प्राप्त हुने व्यवस्थाका लागि सङ्घीय सरकारसँग समन्वयगरिने छ ।
- एक वडा एक उत्पादन सहकारी स्थापना गरि कृषि उत्पादन र बजारीकरण गरिनेछ ।
- सहकारी पुँजीलाई उत्पादनसँग जोडी आर्थिक स्वाबलम्बनमा जोड दिइनेछ ।
- सहकारी क्षेत्रमा सुशासन कायम गरी मर्यादित बनाउन स्थानीय स्तरमा प्रभावकारी नियमन गरिनेछ ।
- सहकारी सङ्घ सस्थाहरुलाईं एकीकरण गरी व्यवसायीकरण र गुणस्तर विकास गर्ने प्रविधि मैत्री सहकारी, कृषिजन्य वस्तु मल, विउ, यन्त्र, उपकरण आदि सहकारी सङ्घ संस्था मार्फत विक्री वितरण गर्ने व्यवस्थालाई व्यवस्थित र प्रभावकारी वनाईने छ ।
- सहकारी विद्यालय, कलेज, स्वास्थ्य केन्द्र आदिको सञ्चालन गर्दा स्थानीय सरकारसँगको समन्वयमा गर्ने व्यवस्था सहित सहकारी पुँजीलाई उत्पादनमूलक क्षेत्रमा परिचालन गरिने छ ।

## १२. सूचना र सञ्चार

- ई-गभरनेन्सका माध्यमवबाट समेत सेवा दिने गरि हरेक स्थानीय तहलाई प्रविधिमैत्री बनाउदै निर्वाचन क्षेत्र भित्रका सबै सरकारी सेवा प्रदायक निकायहरुलाई प्रविधिमैत्री बनाईने छ ।
- सबै वडा कार्यालयहरु, स्कूलहरू, अस्पताल क्षेत्र, र टोलटोलमा क्रमशः इन्टरनेट सेवा निशुल्कः उपलब्ध गराइने छ ।
- भर्चुअल तालिम, गोष्ठि र ज्ञान सीपलाई आधिकारिकता प्रदान गर्न पहल गरिनेछ ।
- स्वतन्त्र र निष्पक्ष प्रेस, रेडियो, टिभी जस्ता मिडियाको नीतिगत सम्वर्धन गरिने छ । श्रमजिवी मिडियाकर्मीहरूका हक हितको रक्षा र वृति विकासका लागि सहयोगी वातावरण तयार गरिने छ ।
- श्रमजीवि मिडियाकर्मीहरूका हक हितको रक्षा र वृति विकासका लागि जीवन बीमा सम्बन्धि आवश्यक कानुन निर्माण गरिने छ ।
- श्रमजीवि मिडियाकर्मीहरूका जीवन बीमा गरिने छ ।
- नेपाली चलचित्र उद्योगलाई सम्बर्द्धन गर्न समयानुकूल राष्ट्रिय चलचित्र नीति निर्माण गरिने छ ।
- एकसय मेगाहर्ज सम्मका एफएम/सामुदायिक रेडियो लगायत स्थानीय तहबाट प्रकाशित एवम् प्रशारित हुने आमसञ्चार माध्यमको दर्ता, स्थापना, सञ्चालन र नवीकरण स्थानीय तहबाटै गरिनेछ ।
- स्थानीय सञ्चार माध्यममा लैङ्गिक समानता, श्रमजीवि संचारकर्मीको पेशागत सुरक्षा, वृत्ति-विकास र निवृत्तिभरणको व्यवस्था गरिने छ ।

## १३. धर्म संस्कृति

- सनातनदेखि चलिआएको सबै जातिको धर्म संस्कृति,परम्परा र मन्दिर, गुम्बा, मस्जिद, चर्च संरक्षणमा जोडदिइनेछ ।
- प्रचलित सवै भाषा,धर्म र संस्कृतिप्रति समान व्यवहार गरिने छ ।
- जिल्ला भित्रका सबै प्रकारका धार्मिक तथा साँस्कृतिक सम्पदाहरुको विवरण संकलन गरी जिर्णोद्धार गरिनेछ ।
- विभिन्न जाति, धर्म र संस्कृति झल्कने पात्रो प्रकाशन गरी पर्यटनसंग जोडिनेछ ।
- दामोदर कुण्डबाट मुक्तिनाथ हुँदै कालीगण्डकी करिडोर देवघाट (हरिहर क्षेत्र) तथा गोसाइकुण्डबाट त्रिशुलीहुँदै (हरिहर क्षेत्र) त्रिबेणीधाम सम्मको हरिहर सर्किटको अध्ययन एवं विकास गरिनेछ ।

**१४. अध्ययन अनुसन्धान**

- अध्ययन अनुसन्धानका लागि राज्यको सबै तहबाट कम्तिमा एक प्रतिशत बजेट बिनियोजन गराउन पहल गरिनेछ ।
- सबै तहका सरकारलाई अध्ययनमा आधारित नीति, योजना र कार्यक्रम बनाउन नीतिगत सुधार गरिनेछ ।

आदरणीय मतदाता दाजुभाइ दिदी बहिनीहरु ! तपाईँहरुको विबेकपूर्ण निर्णयले मात्रै प्रतिगमनलाई परास्त गरी उपरोक्त नीति तथा कार्यक्रमहरु लागु गर्न सक्छौं । संविधानको रक्षा र समृद्धिका लागि एकपटक मातृभूमिको कसम खाएर गठबन्धनका साझा उम्मेदवारहरुलाई अमूल्य मतदान गरी बिजयी गराउन बिनम्र अनुरोध गर्दछौं । यो जीत संबिधान र लोकतन्त्रको जीत हुनेछ । नागरिक सर्बोच्चताको जीत हुनेछ । हजारौं महान सहिद र आदरणीय अग्रजहरुको जीत हुनेछ ।

अमूल्य मतको अपेक्षा सहित **हार्दिक धन्यबाद ।**

संविधानको रक्षा, चितवनको समृद्धि र बिकासका लागि “लोकतान्त्रिक-वाम गठबन्धन”
निर्वाचन क्षेत्र नं. ३ का साझा उम्मेदवारहरु **प्रतिनिधिसभा सदस्यमा**
**डा. भोजराज अधिकारी** लाई **गोलाकार भित्रको हँसिया हथौडा** चिन्हमा, ३ (**क**) **तर्फ प्रदेशसभा सदस्यमा प्रा.डा. सुर्यकान्त घिमिरे**लाई **रुख** चिन्हमा तथा ३ (**ख**) **तर्फ प्रदेशसभा सदस्यमा ठाकुर प्रसाद ढकाल**लाई **गोलाकार भित्रको हँसिया हथौडा** चिन्हमा अमूल्य मतदान गरी अत्याधिक बहुमतले बिजयी गराऔं ।

---

**कृषकसंग हाम्रो प्रतिवद्धता :** किसान पेन्सन, बिउदेखि ढुवानीसम्म अनुदान, कृषक एम्बुलेन्स अस्पताललाई गोठ/खेतबारीसम्म पुऱ्याउने ।

**भूमिहिनसंग हाम्रो संकल्प :** जग्गाधनी प्रमाण पुर्जा र आवासको व्यवस्था ।

**उद्यमी/व्यवसायीसंग हाम्रो वाचा :** ‘मेड इन भरतपुर’ र ‘मेड इन माडी’ को ब्राण्डिङ र बजारीकरण, एक वडा-एक उद्यम-एक सहकारी उत्पादनको योजना कार्यान्वयन ।

**युवाहरुसंग हाम्रो प्रतिवद्धता :** रोजगारी र स्वउद्यमको प्रत्याभुति ।

**विद्यार्थीसंग हाम्रो वाचा :** सरकारी विद्यालय/क्याम्पसमा छात्रवृत्तिसहित निःशुल्क शिक्षा ।

**ज्येष्ठ नागरिकसंग हाम्रो संकल्प :** घर-दैलोमा नै स्वास्थ्य सेवा, मासिक निर्वाह भत्ता वृद्धि र दिवा डे-केयर ज्येष्ठ नागरिक संरक्षण केन्द्रको स्थापना ।

**बालबालिकासंग हाम्रो प्रतिवद्धता :** एक वडा एक शिशु सिकाइ सामुदायिक केन्द्रको स्थापना र पोषण भत्ता ।

**महिलासंग हाम्रो वाचा :** पैत्रिक सम्पत्तिमा समान अधिकार र आमाको नामबाट सन्तानको नागरिकताको ग्यारेण्टी ।

**दलितसंग हाम्रो प्रतिवद्धता :** समतामुलक समाजको निर्माण, रोजगारीमा प्राथमिकता, एक वडा-एक बहुउद्देशीय दलित सामुदायिक भवन निर्माण, पश्चिम चितवनमा दलित सांस्कृतिक संग्राहलय निर्माण ।

**आदिवासी/जनजाती/सिमान्तकृतसंग हाम्रो संकल्प :** शिक्षा, स्वास्थ्य र रोजगारीमा अग्राधिकार एवं भाषा संस्कृति र पहिचानको संरक्षण-सबर्द्धन ।

**शारिरीक/मानसिक रुपमा फरक क्षमता भएका व्यक्तिसंग हाम्रो प्रतिवद्धता :**
शिक्षा, स्वास्थ्य र रोजगारमा प्राथमिकता, सामाजिक सुरक्षा भत्ता वृद्धि ।

**शिक्षा सम्बन्धी हाम्रो प्रतिवद्धता :** सबैका लागी निःशुल्क शिक्षा, एक वडा-एक नमूना सरकारी विद्यालय ।

**स्वास्थ सम्बन्धी हाम्रो प्रतिवद्धता :** माडी र पश्चिम चितवनमा प्रादेशिक अस्पताल स्थापना, विशेषज्ञ चिकित्सक र स्वास्थ्य सामाग्री सहित नागरिकको घरदैलोमा ‘मोबाइल अस्पताल’ ।

**स्वरोजगार सम्बन्धी हाम्रो प्रतिवद्धता :** एक घर एक रोजगारी, स्वरोजगारका लागी बिना धितो अनुदान ।

**धर्म, संस्कृति सम्बन्धी हाम्रो प्रतिवद्धता :** सबै धर्म संस्कृतिको सम्मान, संरक्षण र संर्बद्धन ।

**पर्यटन सम्बन्धी हाम्रो प्रतिवद्धता :** भरतपुर र माडीका विभिन्न क्षेत्रलाई पर्यटकीय गन्तव्य स्थलको रुपमा विकास गर्ने ।

**सहिद/संघर्षका घाइते/वेपत्ता योद्धा परिवारसंग हाम्रो प्रतिवद्धता :** सम्बद्ध वीरयोद्धाको परिवारको संरक्षण, उनीहरुका सन्ततीलाई शिक्षा, स्वास्थ्य र रोजगारीमा प्राथमिकता ।

**भू.पू. सैनिक/प्रहरीसंग हाम्रो संकल्प :** योगदानको उच्च सम्मानसहित समाज निर्माणमा उनीहरुको अनुभवको सदुपयोग र संरक्षण ।

लोकतान्त्रिक-वाम गठबन्धन
चितवन प्रतिनिधि/प्रदेश सभा
निर्वाचन क्षेत्र नं. ३
**प्रतिवद्धता पत्र-२०७९**